# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या : ६५९ मिति :- २०७३/५/५

मनिचेञ्जरको कारोवार गर्न इजाजतपत्र प्राप्त कम्पनीहरु ।

विषय :- मनिचेञ्जरको कारोवार गर्ने संस्थाको चुक्ता पुँजी बृद्धि सम्बन्धमा ।

महाशय,

मनिचेञ्जरको कारोवार गर्न इजाजतपत्र प्राप्त संस्थाहरूको चुक्ता पुँजी सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) मनिचेञ्जर कारोवारमा संलग्न इजाजतपत्र प्राप्त संस्थाहरुको न्युनतम चुक्ता पुँजी देहाय बमोजिम कायम गरिएको छ ।

(क) परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्ने संस्थाहरुको लागि रु. १५ लाख ।

(ख) भारतीय रुपैयाँ खरिद/बिक्री र परिवर्त्य विदेशी मुद्राको खरिद सम्बन्धी दुबै कारोबार गर्ने संस्थाहरुका लागि रु. २० लाख ।

(२) मनिचेञ्जर कारोवारमा संलग्न इजाजतपत्र प्राप्त संस्थाहरुले बुँदा (१) मा उल्लिखित चुक्ता पुँजी २०७४ असार मसान्तसम्ममा कायम गरीसक्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६ श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री मनिचेञ्जर एशोसिएसन ।